म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १८९ | मंगलबार, ६ फागुन २०८१ | ने. सं. ११४५ सिल्लागा | 18 February 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं ।**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो,
- आफ्ना प्रतिनिधिहरू मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो,
- प्रजातन्त्र एक पद्धती, व्यबहार र आचरण पनि हो,

*त्यसैले,*

- प्रजातान्त्रिक संस्कार, आचार र व्यवहारको अवलम्बन प्रत्येक नागरिकको कर्तव्य हो,
- त्यस तर्फ सचेत बनौं ।
- ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## एन्टारटिक बिस्कुट प्रा.लि.का श्रमिक आन्दोलित

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेको एन्टारटिक बिस्कुट प्रालिका श्रमिकहरूले चरणबद्ध आन्दोलन सुरु गरेका छन् ।

परीक्षण अवधि सकिएका श्रमिकलाई श्रम ऐन बमोजिम स्थायी नियुक्ति गर्ने सहमति गरेको उद्योगले आफ्नै लिखित प्रतिबद्धता विपरित ९७ जना श्रमिकलाई निष्काशन गरेपछि श्रमिकहरु आन्दोलित भएका हुन् । फागुन १ गतेदेखि जारी आन्दोलनलाई श्रमिकहरुले थप चर्काउने चेतावनी दिएका छन् । व्यवस्थापन पक्षले गैरकानुनी तवरले अनुचित श्रम अभ्यास गरेको श्रमिकको आरोप रहेको छ ।



'उद्योगले अनुचित श्रम अभ्यास गरेको भनेर आवाज उठाएकै भरमा मलाई विभिन्न प्रपञ्च गरेर विभिन्न भुठा कागजहरु तयार गरेर निष्काशन गर्ने काम समेत गरेको छ' श्रमिक विश्वराज बजगाईले भने 'उद्योग व्यवस्थापकले गलत मनसाय राखेर पनि मलाई निष्काशित गर्ने काम गरेको छ, यसप्रति हामी आन्दोलित श्रमिकहरु विरोधमा उत्रिएका छौं ।'

श्रम ऐन विपरित आन्दोलनको नेतृत्व गर्ने मजदुर नेतालाई अनावश्यक लान्छाना लगाई निश्कासन गर्नु अनुचित श्रम अभ्यास भएको नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) को निष्कर्ष छ ।

उद्योग प्रशासनलाई गलत अभ्यास सच्याउन जिफन्टले आग्रह गरेको छ । ५ वर्ष सेवा गरिसकेका मजदुरलाई गैरकानुनी सम्झौता गरेर उद्योग प्रशासनले नयाँ सम्झौताका नाममा परीक्षण अवधिमा निष्काशन गर्ने योजना बनाएको भन्दै जिफन्टले बिरोध जनाएको जिफन्टका बागमती प्रदेश अध्यक्ष रामहरि नेपालले बताए । उनले भने 'अनुचित श्रम अभ्यासलाई रोक्नुपर्छ, श्रमिकलाई कानुनी व्यवस्था बमोजिम रोजगारी सम्झौता गराएर काम लगाउनुपर्छ ।'

उद्योगका मानव संशाधन प्रबन्धक विवश अर्यालले भने कर्मचारीलाई निष्काशन नगरेको दाबी गरेका छन् । आन्दोलित कर्मचारीलाई करार अविधि नवीकरण गर्ने प्रक्रियामा आएर काम सुचारु गर्न प्रशासनले आग्रह गरेको छ । उनले भने-'उद्योग प्रशासन कर्मचारी निकाल्ने पक्षमा छैन तर, प्रक्रियामा त आउन पर्‍यो नि ।'

श्रमिकहरुको आन्दोलनमा समग्र उद्योग ट्रेड युनियन नेपाल जिल्ला समन्वय कमिटी मकवानपुर, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, क्युपेक नेपाल लगायतले पनि ऐक्यबद्धता जनाएका छन् । उद्योगमा हाल ४ सय भन्दा कामदार कर्मचारी कार्यरत छन् । समग्र उद्योग ट्रेड यूनियन नेपाल मकवानपुरका अध्यक्ष केशवप्रसाद अधिकारीका अनुसार उद्योगले बिना कारण गत माघ २८ र २९ गते १३ जना नियमितरुपमा काम गर्दै आइरहेका श्रमिकलाई गैरकानूनी ढंगले निष्काशन गरेको थियो ।

उद्योगले श्रमिकको मौलिक हक हनन गरेको भन्दै प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले सोमबार प्रतिनिधिसभामा गैरकानूनी तरिकाबाट निष्काशनमा परेका श्रमिकलाई पुनर्वहाली गर्न माग गरेका छन् । ट्रेड युनियन मकवानपुरले आफ्ना मागहरु पूरा नभएसम्म चरणबद्ध किसिमले आन्दोलन गर्ने भन्दै आन्दोलनको कार्यक्रम घोषणा गरेको छ । युनियनले विरोधको कार्यक्रम आगामी ६ गतेसम्म नियमितरुपमा बिहान ८ बजेदेखि ९ बजेसम्म कालोपट्टी बाँधेर उद्योग परिसरमा विरोध गर्ने जनाएको छ ।

आउँदो ७ गते जिफन्ट नेपालका केन्द्रीय अध्यक्ष बिनोद श्रेष्ठको उपस्थितमा उद्योगको परिसर अगाडि बृहत बिरोधको कार्यक्रम गर्ने बताइएको छ । हेटौंडा औद्योगिक क्षेत्रका औद्योगिक प्रतिष्ठानमा कामदार कर्मचारीले आन्दोलन गर्ने, सामूहिक सौदाबाजी गर्ने, प्रदर्शन गर्ने आदि जस्ता बिरोधका कार्यक्रम हुन छाडेको थियो । कोभिड-१९ महामारी, कच्चापदार्थको अभाव, आर्थिक मन्दी आदि कारण औद्योगिक प्रतिष्ठानले पूर्ण क्षमतामा उत्पादन गर्न सकेका छैनन् ।

## मकवानपुरमा २० हजार किशोरीले लगाए एचपीभी खोप



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ मकवानपुरमा हालसम्म १९ हजार भन्दा बढी किशोरीले पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी खोप लगाएका छन् ।

माघ २२ गतेदेखि सुरु भएको अभियानअन्तर्गत मकवानपुरमा २२ हजार ७ सय १३ जना किशोरीलाई खोप दिने लक्ष्य राखिएकोमा फागुन ४ गते आइतबारसम्म ८७ दशमलब ४ प्रतिशत अर्थात १९ हजार ८ सय ५७ जना किशोरीले खोप लगाएका हुन् ।

प्रदेशको स्वास्थ्य मन्त्रालयको अनुसार प्रदेशका १३ वटै जिल्लाका २ लाख ४६ हजार ८ सय ३५ जना किशोरीले खोप लगाएका छन् । फागुन ६ गतेसम्म चल्ने अभियानमा २ लाख ९८ हजार ९ सय ५ जना किशोरीलाई खोप लगाउने लक्ष्य राखिएकोमा अहिलेसम्म ८२ दशमलब ६ प्रतिशत अर्थात २ लाख ४६ हजार ८ सय ३५ जना किशोरीले एचपीभी खोप लगाइएका छन् ।

मन्त्रालयका अनुसार नुवाकोटमा ११ हजार १ सय ९ जना किशोरीले खोप लगाउँदा दोलखामा ६ हजार ५ सय २० किशोरीले खोप लगाएका छन् । यसैगरी रामेछापका ६ हजार ९ सय ५० जना, सिन्धुपाल्चोकका १० हजार १ सय १४ जना, सिन्धुलीका १४ हजार ५८ जनाले खोप लगाएका छन् । यसैगरी रसुवाका १ हजार ६२० जनालाई एचपीभी खोप लगाइएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार काभ्रेका १५ हजार २ सय ३२ जना, धादिङका १२ हजार ८ सय ८५ जना, चितवनका २६ हजार ३ सय २९ किशोरीले खोप लगाएका छन् ।

यस्तै भक्तपुरका १५ हजार ९ सय ४७ जना, काठमाडौंका ८२ हजार ७ सय ४४ जना र ललितपुरका २३ हजार ५ सय १९ जना किशोरीले एचपीभी खोप लगाएका छन् । अभियानका क्रममा कक्षा ६ देखि १० सम्म अध्ययनरत छात्रा र विद्यालय बाहिर रहेका १० देखि १४ वर्षका किशोरीलाई स्थानीय तहमा रहेका खोपकेन्द्रमार्फत खोप प्रदान गरिएको हो । खोप अभियान सञ्चालनका लागि प्रदेशमा ८ हजार ७३६ स्वयंसेवक र ४ हजार ३२४ जना कर्मचारी खटाइएको थियो ।

## बागमती गोल्डकपलाई गाउँपालिका कर्मचारीद्वारा सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ बागमती गाउँपालिकामा जारी सातौं संस्करणको बागमती गोल्डकप र ाष्ट्रिय फुटबल प्रतियोगिताका लागि गाउँपालिका कर्मचारीहरुले नगद सहयोग गरेका छन् ।

सोमबार गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जीले बागमती गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष रहरसिं थिङलाई नगद हस्तान्तरण गरेका हुन् ।

प्रमुख प्रशासकीय अधिकृत दर्जीले कर्मचारीहरुको तर्फबाट १ लाख ३२ हजार २ सय ३१ रुपैयाँ नगद सहयोग खेलकुद विकास समितिलाई हस्तान्तरण गरेका हुन् ।

बागमती-४ स्थित सहिद स्मृति रंगशालामा जारी प्रतियोगिता शनिबारदेखि सुरु भएको हो । प्रतियोगिताका लागि विभिन्न संघसंस्था, जनप्रतिनिधि, कर्मचारी र खेलप्रेमीहरुबाट सहयोग पाउने क्रम जारी रहेको खेलकुद विकास समितिका अध्यक्ष थिङले बताएका छन् ।

## महोत्सवको सम्पूर्ण तयारी पूरा, गृहमन्त्रीले उद्घाटन गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा हुन लागेको दोश्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव २०८१ को सम्पूर्ण तयारी पूरा भएको छ ।

सोमबार पत्रकार सम्मेलन गर्दै फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० स्थित टिसियनचौरमा हुने महोत्सवको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिइएको हो । स्टल र स्टेज निर्माण, टिकटघर लगायत पूर्वाधारको तयारी अन्तिम चरणमा रहेको संघका अध्यक्ष बालगोपल कँडेलले जानकारी दिएका छन् । महोत्सवको उद्घाटन गृहमन्त्री रमेश लेखकले गर्ने उनले बताए ।




फागुन ६ गते बिहान १०:३० बजे हुप्राचौरबाट पारिजातपथ, बुद्धचोक, टिसियनचौरसम्म शोभायात्रा गरिने आयोजकले जनाएको छ । महोत्सवको दोश्रो दिन फागुन ७ गतेदेखि हरेक दिन हेटौंडा आईडलको प्रतियोगिता, राष्ट्रिय एवम् स्थानीय कलाकारको प्रस्तुति रहनेछ । हेटौंडा आईडलमा प्रारम्भिक चरणमा १६ जना छनोट भइसकेका छन् । निर्माणको क्षेत्रमा प्रयोगमा आएका अत्याधुनिक उपकरण र निर्माण सामग्रीको प्रदर्शनी र बिक्री गरिने अध्यक्ष कँडेलले बताए । महोत्सवको अवधिमा निर्माण व्यवसायी, दर्शक, उपभोक्ताका राय, सल्लाह, सुझाव संकलन गरिने उनले बताए ।

महोत्सवमा निर्माण उपकरण, निर्माण सामग्री, औद्योगिक उत्पादन, स्थानीय उत्पादन, हस्तकला सामग्री लगायत ३ सय ५० वटा स्टल रहनेछ । महोत्सवको प्रवेश शुल्क ७५ रुपैंयाँ र विद्यार्थीको लागि ५० रुपैंयाँ तोकिएको आयोजकले जनाएको छ । २०७१ सालमा पहिलोपटक महोत्सव गरेको संघले १० वर्षपछि पुनः महोत्सव गर्न लागेको हो ।

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३




शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेञ्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality सँगै समयमै Delivery को मामलामा पनि No Compromise"

शोभायात्राः
मितिः २०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

**CONSTRUCTION EXPO-2**
**दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१**
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

**महोत्सवका आकर्षणहरु**
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# सवारीका रेकर्ड डिजिटाइजेसन

बागमती प्रदेश सरकारले यातायात व्यवस्था कार्यालयमा रहेका २३ लाख सवारी साधनका ढड्डा, फाइल तथा अन्य दस्तावेज डिजिटाइजेसन सुरु गरेको छ । यातायात व्यवस्था कार्यालयमा सवारीसाधनको रेकर्ड लथालिङ्ग भएका कारण हजारौं सवारीधनीले दुःख पाएको गुनासो आएपछि एकसाथ सयजना डाटा इन्ट्रीकर्ता खटाई डिजिटाइजेसनको प्रक्रिया सुरु गरेको हो । सवारीधनीलाई आफ्ना सक्कल फाइल यातायात कार्यालयमा बुझाउन पनि प्रदेश सरकारले सूचना जारी गरेको छ । सवारी साधनको तथ्यांक सरकारी रेकर्डमा अद्यावधिक हुन नसकेका कारण धेरै सवारीधनीले दुःख पाएको गुनासो आएको थियो । यातायात व्यवस्था कार्यालय, मोटरसाइकल गुर्जुधाराले लट नम्बर १ देखि ५५ सम्मका सवारीधनीलाई आफ्ना सक्कल फाइल १५ दिनभित्र कार्यालयमा बुझाउन आग्रह गरेको छ । कार्यालयमा दर्ता भएका दुईपांग्रे सवारीसाधनको विवरण डिजिटाइजेसनका लागि फाइल मागिएको हो । यातायात व्यवस्था कार्यालय साना-ठूला सवारी एकान्तकुना, यातायात व्यवस्था कार्यालय भरतपुर (चितवन) र हेटौंडाले पनि फाइल व्यवस्थापनका लागि पहल गरेका छन् । बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले पहिलो चरणमा एकान्तकुना, गुर्जुधारा, हेटौंडा र भरतपुरमा डाटा इन्ट्रीको काम सकाउने र त्यसपछि बनेपा र खुर्कोटको यातायात व्यवस्था कार्यालयमा टिम परिचालन गरिने जानकारी दिएको छ ।

मन्त्रालयले डिजिटाइजेसनको औपचारिक सुरुवाताबारे घोषणा गर्न फागुन ५ मा कार्यक्रम आयोजना गर्दैछ । सवारीसाधनको डाटा ईन्ट्री गर्ने प्रयोजनका लागि करारमा लिइएका कर्मचारीलाई करिव दुइसाता अघिदेखि अभिमुखीकरण गरिएको थियो । सवारीधनीले आफ्नो सक्कल फाइल यातायात कार्यालयमा बुझाउनुपर्ने र सम्बन्धित कार्यालय प्रमुखलाई फाइल व्यवस्थापनको जिम्मेवारी दिइएको मन्त्रालयले बताएको छ । डिजिटाइजेसनका लागि ५० वटा डेस्कटप र ५० वटा मोवाइल फोनको व्यवस्था गरिएको छ । हाल नयाँ-पुराना ढड्डाहरुमा थन्केर रहेका सवारीसम्बन्धी विवरणलाई डिजिटल फर्म्याटमा उतारेपछि सेवाग्राहीले सवारीकर तिर्न यातायात कार्यालय धाउनु नपर्ने मन्त्रालयको निष्कर्ष छ । सवारी दर्ता, नवीकरण, नामसारीलगायत काम अनलाइन प्रणालीबाटै गर्न मिल्ने व्यवस्था बनाउन लागेको बताइएको छ । ब्लुबुक प्रमाणीकरणका लागि कार्यालय आइरहनु पर्नेछैन । सवारीसाधनको कर तथा नवीकरणको 'हिस्ट्री' लाई डिजिटल प्रणालीमा अद्यावधिक गरिने भएको छ । अहिले सवारीधनीले कहिले कुन प्रदेश त कहिले कुन प्रदेशमा कर तिरिरहेकाले कार्यालयहरुलाई 'अटोमेसन'मा लैजान कठिनाइ भएको छ । मन्त्रालयले हाल प्रयोगमा ल्याएको ट्रान्सपोर्ट म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (टीएमआईएस) कै मोवाइल एपलाई विकसित गरेर अनलाइन सेवा उपलब्ध गराउने तयारी भएको छ । ब्लुबुकलाई हालको पेपर-बेस्डबाट क्यूआर कार्ड बेस्ड प्रणालीमा परिणत गर्ने र अहिले नागरिक एपमा सवारीचालक अनुमतिपत्र इन्टिग्रेट गरेझैं ब्लुबुकलाई पनि एपमा समावेश गर्ने बताइएको छं ।

यसले कागजात बोकेर हिँड्नुपर्ने झन्झट अन्त्य हुनेछ । बागमती प्रदेश सरकारले अबको ६ महिनाभित्र ५ लाखदेखि १० लाख सवारी साधनको फाइल डिजिटाइज गर्ने लक्ष्य लिएको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा श्रम रोजगार तथा यातायात मन्त्रालय अन्तर्गत विभिन्न कार्यक्रमका लागि ७७ करोड ६ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । प्रदेश सरकारले यातायात व्यवस्था कार्यालयलाई डिजिटलाइजेशन गर्ने, प्रदेशका विभिन्न स्थानमा विद्युतीय सवारी साधनका लागि चार्जिङ स्टेशन निर्माण, प्रदेशमा नै सवारी चालक अनुमतिपत्र छपाइको काम अघि बढाउने र यो कार्यका लागि छपाई मेसिन खरिद गर्न बजेट विनियोजन गरिएको बताइएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन ७ गते बुधबार १९ फेब्रुअरी २०२५ । सप्तमी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:४०, सूर्यास्त ५:५७ । राष्ट्रिय प्रजातन्त्र दिवस । निर्वाचन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मुद्दा-मामिलामा विजयी भइनेछ | तुला | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ |
| वृष | : लगनशीलताले उपलब्धि दिलाउनेछ | वृश्चिक | : सहयोगीका माध्यमबाट काम बन्नेछ |
| मिथुन | : प्रयत्न सफल हुनेछ | धनु | : बन्धु-बान्धवबीच आत्मीयता बढ्नेछ |
| कर्कट | : पढाइलेखाइमा प्रगति हुनेछ | मकर | : कृषि-चौपायाबाट लाभ मिल्नेछ |
| सिंह | : सेवामूलक कामबाट धनलाभ हुनेछ | कुम्भ | : नयाँ काममा सफलता मिल्नेछ |
| कन्या | : स्वास्थ्य कमजोर रहनेछ | मीन | : स्थायी सम्पत्ति जोड्ने समय छ |

# नेपाल आयल निगम : तथ्य-तथ्याङ्क



अच्युतप्रसाद पौडेल "चिन्तन"

नेपाल आयल निगम धनी संस्था हो, एकाधिकार प्राप्त पनि छ । उपभोक्ताको ढाड खुस्कने गरी मूल्य पनि लिन्छ । उसले सरकारलाई दिने कर पनि थरीथरीका छन् । करको सदुपयोग हुने देश भने होइन यो । प्रदूषण कर लिइन्छ, प्रदूषण बढेको छ, पूर्वाधार कर लिइन्छ, पूर्वाधार देशैभरि गलेको छ । विकास त गर्ल्यामगुर्लुम ढलेकै छ । यो सरकारी संस्थान हो, यो २०२७ सालमा स्थापना भएको हो । गत पुस २६ गते यसले आफ्नो वार्षिकोत्सव मनाएको छ । पेट्रोलियम पदार्थको आयात, भण्डारण र वितरण यसको एकाधिकार प्राप्त कार्य हो । केन्द्रीय कार्यालयसहित यसका ७ प्रादेशिक कार्यालय, ३ शाखा कार्यालय, १० इन्धन डिपो, ३ हवाई इन्धन रिफ्युलिङ स्टेसनहरु सञ्चालनमा छन् । निगमसँग विराटनगर, धनुषा, वीरगन्ज, अमलेखगन्ज, काठमाडौं, पोखरा, भैरहवा, नेपालगन्ज, धनगढीमा इन्धन डिपोहरु छन् । हाल पेट्रोलियम पदार्थको भण्डारण क्षमता ६० हजार ३ सय ८४ कि.लि.को रहेको छ, भारतीय आयल कर्पोरेसनसँग उसले इन्धन खरिद गर्दै देशैभरि आपूर्ति गर्छ ।

चालू आवको पहिलो चौमासिकमा उसले डिजेल ३ लाख २४ हजार ४ सय २१ कि.लि. आयात गरेको छ । अघिल्लो ०८० सालको पहिलो चोमासिकमा ३ लाख ५९ हजार ६ सय कि.लि. थियो । अहिले डिजेल आयातमा २९ अर्ब ४ करोड २० लाख रुपियाँ भुक्तानी गएको छ, अघिल्लो यो समयमा ४० अर्ब ३१ करोड गएको थियो । ०८१ श्रावणदेखि कार्तिकसम्ममा डिजेलको आयात केही घटेको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेकाले रकम केही कम गएको हो ।

यो समयमा पेट्रोलको आयात २ लाख ४७ हजार ४ सय ८१ कि.लि. छ । अघिल्लो वर्ष यो समयमा २ लाख २३ हजार ८ सय १० कि.लि. आयात भएको थियो । यो समयमा भुक्तानी गएको २१ अर्ब ५६ करोड हो । अघिल्लो समयमा २२ अर्ब ८७ करोड भुक्तानी गएको थियो । पेट्रोलको पनि भाउ केही घट्नाले रकम केही कम गएको हो । हाल आयल निगमले सरकारलाई १४ अर्ब ४ करोड राजस्व बुझाएको छ । एलपी ग्यासको आयात बढेको छ । यो चौमासिकमा १७ करोड २४ लाख ८२ हजार ८ सय ३० किलो आयात भएको छ । अघिल्लो यो समयमा १६ करोड ७९ लाख ९४ हजार ७ सय ५६ किलो आयात भएको थियो । यसका लागि १८ अर्ब ८५ करोड रकम भुक्तानी गएको छ । अघिल्लो वर्ष पहिलो चौमासिकमा १५ अर्ब ४५ करोड रकम भुक्तानी गएको थियो । अघिल्लो वर्ष यति बेला ३ अर्ब ५१ करोड राजस्व सरकारलाई दियो भने गतवर्ष यो समयमा तिरेको राजस्व २ अर्ब ८८ करोड रहेको थियो ।

गत आवको ९ महिनामा २ खर्ब १० अर्बको पेट्रोलियम पदार्थको आयात भयो । अघिल्लो सो समयमा २ खर्ब २३ अर्ब १५ करोड बराबरको आयात भएको थियो र सरकारलाई मनग्गे राजस्व बुझाएको थियो निगमले । औद्योगिक विकास, निर्माणको काममा आएको मन्दी, मालवाहक ठूला सवारीको प्रयोगमा कमी हुँदा बजारमा डिजेलको माग कम भएको थियो । उद्योगमा ३० प्रतिशत खपत हुने डिजेल उद्योगको कमीले गर्दा मागमा संकुचन रही मट्टीतेल र ग्यासको पनि मागमा कमी आएको थियो । पेट्रोलको भने १.६१ प्रतिशतले माग बढेको र हवाई इन्धनको पनि १७.६७ प्रतिशतले माग बढेको थियो । समग्रमा डिजेलको माग ४ प्रतिशतले, मट्टीतेलको माग ११ प्रतिशतले र ग्यासको माग ५.५३ प्रतिशतले कमी रहेको थियो । र पनि डिजेल ९ लाख ८६ हजार ९ सय ५० कि.लि.को रु. १ खर्ब ३ अर्ब २३ करोडको, ग्यास २३ करोड ६ हजार किलोको ४१ अर्ब ७६ करोड बराबरको आयात भई ७ अर्ब ६४ करोड ९६ लाख रकम सरकारलाई निगमले राजस्व बुझाएको थियो ।

निगमले काठमाडौं एयरपोर्टको आडैमा रहेको ५० वर्षअघिको चर्चित हवाई इन्धन डिपो एयरपोर्टकै उत्तरी क्षेत्र हवाई प्राधिकरणकै जग्गामा गुह्येश्वरीनजिक सार्दै छ । उसले ५० रोपनी जग्गा ओगटेको सो जग्गामा अत्याधुनिक डिपो निर्माणका लागि डीपीआर तयार गर्न पुल्चोक इन्जिनियरिङ कलेजलाई भनिसकेको छ । ६ महिनामा तयार हुने सो डीपीआरअनुसार आउने २०८४ सालसम्ममा डिपो निर्माण भइसक्ने भनिएको छ । डीपीआरको लागत १ करोड ९८ लाख ८४ हजार १ सय ८१ रकम रहेको भनेको छ । डिपोकै कारण हवाई मैदान जोखिम भएको भन्दै मन्त्रिपरिषद्बाट मिति ०८१ श्रावण २८ को निर्णयले सिनामंगलको डिपो स्थानान्तरण गर्न भनिएअनुसार गुह्येश्वरीमा सार्न लागिएको हो । हाल त्यहाँ भएको भण्डारण क्षमता ७ हजार ६ सय ६० कि.लि.को छ । दैनिक ४ सय कि.लि. हवाई इन्धन बिक्री वितरण गर्दै आएकोमा १ हजार ६ सय कि.लि.का ३ वटा, ७० कि.लि.का ८ वटा इन्धन भण्डारण गर्ने गरिएको देखिन्छ, न्यूनतम ३ दिनको इमर्जेन्सी स्टक रहने गरेको छ । अब निर्माण हुनेमा ३ हजार कि.लि. क्षमताका ५ ट्याङ्कीहरु हुनेछन् । अब ट्याङ्करहरुबाट तेल भर्ने होइन, सीधै अत्याधुनिक प्रविधिबाट विमानमा तेल भरिनेछ, सम्भाव्यता अध्ययन सोअनुसार गरिनेछ ।

साबिकमा भइरहेको भलवारी डिपो क्षेत्रमा जग्गाको कमी, पार्किङको असहजता, ट्याङ्करहरुलाई असुविधा, सडकमा पार्किङ गर्नुपर्ने अवस्थाका कारण आधुनिक नयाँ डिपो रोहिणी खोलाको किनारमा सार्ने गरी डीपीआर तयार हुँदै गरेको छ । निगमको बुटवल-भैरहवा सडक क्षेत्रमा साढे पाँच बिघा जमिन छ । हाल त्यहाँ लुम्बिनी प्रादेशिक कार्यालय रहेको छ । हाल पेट्रोल ५ सय १९ कि.लि. क्षमताको, डिजेल ३ हजार ४० कि.लि. क्षमताको, मट्टीतेल १ सय ४० कि.लि. क्षमताका ट्याङ्करहरु छन् । विद्यमान क्षमतालाई इन्धनको मागअनुसार न्यून महसुस गरेको छ निगमले । अब १४ बिघा जमिन क्षेत्रको आधुनिक डिपो निर्माणका लागि डीपीआर तयार गर्न उसले काठमाडौं विश्वविद्यालयसँग सहकार्य गर्न लागेको छ । नयाँ बन्ने डिपोले प्रदेशभरिको आपूर्ति धान्ने ३ हजार कि.लि. क्षमताका ३ ठूला ट्याङ्कीहरु रहने, पेट्रोल ट्याङ्की २ हजार २ सय ८० कि.लि.का, मट्टीतेल ५ सय कि.लि. क्षमताका हुनेछन् । डिपोमा १ सय ५० ट्याङ्कर अट्ने, पार्किङस्थल राम्रो हुने, सुरक्षाको प्रविधि पनि राम्रो हुने भनिएको छ । यसका लागि गत वैशाखमै जग्गा सम्याउने र पर्खाल लगाउने काम भएको छ । ३ अर्ब २० करोडको लागतमा ३ वर्षमा बनिसक्ने र यसले १४ बिघा जमिन ओगट्ने, सबैलाई सहज हुने र त्यताको प्रदेश सबैतिर आपूर्ति धान्न सक्ने, सुरक्षा प्रविधि राम्रो हुने बताइएको छ ।

दुर्गम पहाडी क्षेत्रमा हालसम्म इन्धन डिपोहरु छैनन् । बोतल, ग्यालेन, ड्रमहरुबाट इन्धन आपूर्ति भइरहेको अवस्था छ । यसबाट गुणस्तरदेखि तौल आदिको समस्या, भण्डारणमा असहजता आदि अनेकौं कठिनाइ छन् । निगमले अब बझाङ, बाजुरा, कालिकोट, मुगु, हुम्ला, डोल्पा, जाजरकोट, रुकुमपूर्व, मनाङ र मुस्ताङ १० जिल्लामा इन्धन पम्पहरु खोल्ने योजना बनाएको छ । पेट्रोलियम पदार्थ सञ्चालन नियमावली २०७५ जारी भएको छ । सो अनुसार पूर्वाधारको तयारी गरी निजी क्षेत्रले पम्प सञ्चालनको अवधारणा ल्याएको छ । निगमको भनाइ छ- यसका लागि ग वर्गको अनुमति दिइनेछ, न्यूनतम १ हजार २ सय वर्गमिटरको जग्गा हुनुपर्छ, ४ कट्ठा वा पहाडी क्षेत्रका लागि २ रोपनी ६ आना जग्गा हुनुपर्नेछ, सडकतर्फको जग्गाको मोहडा घटीमा २५ मिटर, पक्की कक्ष, भवन संरचना आवश्यक हुन्छ । यसका साथै भूमिगत स्टोरेज ट्याङ्की, सडकबाट नदेखिने गरी २ मि. अग्लो स्क्रीन वालसहित शौचालय, सीमा पर्खाल, रिफ्युलिङ सेड, सर्फेस ड्रेनेज बफर स्ट्राइपमिस्पेन्सिङ पम्प जडान भएको हुनुपर्छ । यी सर्त पूरा गर्नेले इजाजत पाउनेछ । तर यसमा पहिले पूर्वाधारका लागि निगम नै अग्रसर रहनुपर्ने निजी क्षेत्रको भनाइ छ । प्रहरी, सेनासँग पनि अन्य सुगम स्थानहरुमा पम्पहरु रहेकाले पूर्वाधार तयार गर्न सक्ने अन्य सरकारी निकायले यसो गर्नु बेस हुने उनीहरुको तर्क छ । वि.सं. २०७७ मा पनि हुलाकी सडक, महेन्द्र राजपथ, मदन भण्डारी राजमार्ग आदि क्षेत्रमा २० वटा यस्ता पम्पहरु खोल्ने योजना ल्याएको थियो, जुन पूरा हुन सकेन । नेपालगन्जमा आफ्नो जग्गा छ, पम्प सञ्चालनमा छ, भैरहवामा आफ्नै जग्गा छ, पम्प सञ्चालनमा छ, देशैभर १ हजार ५ सय ५० पम्पहरु सञ्चालनमा छन् । छिमेकी देशसँगको सहकार्यमा केही वर्षयता सिलिगुढी झापा, अमलेखगन्ज चितवनमा पेट्रोलियम पाइपलाइन निर्माणमा सहमति भएको र हालै आपूर्तिमन्त्रीको दिल्ली भ्रमणमा त्यसले विशेष चर्चा पाएको देखिन्छ ।

इन्धन आयातमा आयल निगमबाट सरकारले अनेकौं शीर्षकमा राजस्व उठाउने गरेको छ । यो वर्षदेखि हरित कर प्रतिलिटर रु. १ थपिएको छ । पूर्वाधार कर भन्दै विगत ९ वर्षमा सरकारले निगमले आयात गरेको इन्धनको भन्सार नाकामै सिधै अर्थको खातामा जाने गरी १ खर्ब २६ अर्ब ७१ करोड कर उठाइसकेको छ । शुरुमा बूढीगण्डकी जल विद्युत् आयोजना भनेर प्रतिलिटर इन्धनमा रु. ५ का दरले २ वर्षसम्म यस्तो रकम उठायो । ०७२।०७३ देखि उठेको यस्तो रकम १० अर्ब ५९ करोड रह्यो । लगानीको ढाँचा नै तयार नगरी उठ्ने गरेको रकममा विरोध भएपछि ०७४।०७५ देखि शीर्षक परिवर्तन गरी पूर्वाधार कर भन्दै रकम उठाइयो । ०७४।०७५ मा यस्तो रकम १२ अर्ब ३६ करोढ, ०७५।०७६ मा १२ अर्ब ४६ करोड, ०७६।०७७ मा १३ अर्ब ९८ करोड, ०७७।०७८ मा २२ अर्ब ८७ करोड, ०७८।०७९ मा २४ अर्ब ९५ करोड, ०७९।८० मा २० अर्ब ५६ करोड र ०८०।०८१ मा २० अर्ब ५८ करोड रकम निगमले सरकारलाई बुझाएको छ । ०७७ भाद्र १ देखि प्रतिलिटर रु. ५ उठाइएकोमा यसको साटो रु. १० लिने गरिएको छ । देशको पूर्वाधारको अवस्था भने उत्साहप्रद छैन । बूढीगण्डकीको मुआब्जामा यही पूर्वाधार करबाट रु. ४२ अर्ब ५७ करोड भुक्तानी गएको भनिएको छ । देशको अर्थतन्त्रमा सिधै असर पार्ने आयल निगमको संरचनात्मक सुधार र चुहावट नियन्त्रणका विषयमा पनि ध्यान दिनुपर्ने देखिन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# आन्तरिक मामिला तथा कानुन मन्त्रालयको पुनर्संरचना आवश्यक

तुलबहादुर खड्का

एकात्मक राज्य व्यवस्थाबाट संघीय शासन प्रणालीमा रूपान्तरण हुँदा तीन तहको राज्यको संरचना बन्यो । सात वटा प्रदेश स्थापना गरियो । एउटै भूगोल र राजनीतिक प्रणालीभित्र बहुतहका सरकार रहने व्यवस्थाको रूपमा रहेको संघीयतामा हरेक प्रदेशले आफ्नो संरचना बनाउन पाउने अधिकार प्राप्त गर्‍यो र संघको तत्कालीन मन्त्रिपरिषद् बैठकले हरेक प्रदेशमा सात वटा मन्त्रालय बनाउने भन्ने निर्णय गर्‍यो ।

त्यसमध्ये एउटालाई आन्तरिक मामिला तथा कानुन मन्त्रालय बनाइयो । यो मन्त्रालय बनाउँदाखेरि नै यसलाई कस्तो जिम्मेवारी दिने, कस्तो भूमिका दिने भन्ने कुरामा पर्याप्त अध्ययन गर्ने, कार्यक्षेत्र अधिकार दिनुपर्ने काम हुन सकेन । यसमा दुई वटा विषय छ, एउटा आन्तरिक मामिला र अर्को कानुन ।

'आन्तरिक मामिला' भन्ने बित्तिकै प्रदेश सरकारको आफ्नो कर्मचारी हुन्छ । आफ्नो प्रहरी, आफ्नो संयन्त्रदेखि संरचना हुन्छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालय भनेर संघले राखिदिएको नाम हो । यद्यपि त्यसमा जिम्मेवारी तोकिदिए पनि अधिकारका हिसाबले काम भएको छैन । आन्तरिक भनेपछि कर्मचारी खटन-पटनको पाटो त्यहाँबाट हुनुपर्ने हो तर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आफैंले गर्छ । यस हिसाबले प्रशासनिक कुरामा पनि आन्तरिकबाट कुनै काम हुने कुरा भएन ।

अर्को, प्रदेशको सुरक्षा व्यवस्थापन हो । त्यसमा प्रदेश प्रहरी गठन गर्न पाउने, प्रहरी सञ्चालन गर्न पाउने, आफ्नो प्रदेशभित्रको सुरक्षा व्यवस्थापन गर्न पाउने महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने निकायको रूपमा छ ।

संघीयता कार्यान्वयनका केही आधार भूत कानुनमध्येको एउटा प्रहरी ऐन अहिलेसम्म आउन सकेको छैन । त्यसो हुँदा प्रहरी समायोजन भएको छैन । जसका कारण यो मन्त्रालयलाई त्यति धेरै महत्त्व दिइएको अवस्था छैन भने आकर्षण पनि छैन । यदि प्रहरीमात्रै प्रदेश मातहत हुन्थ्यो भने अहिले भएको बजेटको केही हिस्सा त्यसमा खर्च हुन्थ्यो तर प्रहरी छैन ।

अर्को सञ्चारको विषय छ । हामी हुँदा उक्त क्षेत्रमा काम गर्न खाजेको हो । त्यसमा पनि खासै काम भएको छैन । कुनै पनि निकाय, अथवा मन्त्रालय, त्यसले दिने सेवा के हो त ? कामको आधारमा बजेट छुट्ट्याइन्छ । क्षेत्राधिकारको आधारमा जनशक्ति पनि त्यही अनुसार बढी जानुपर्ने हो र, हामीले क्षेत्राधिकार र 'ओएनएम' गर्दाखेरिनै ध्यान दिइएन । प्रहरी समायोजन नहुँदा नै भूमिका कम र बजेट पनि कम हुँदै गएको छ ।

अर्को, आन्तरिक मामिला भनेको छ तर त्यसको कुनै काम त्यहाँबाट हुँदैन । केवल नाममात्र 'आन्तरिक मामिला' छ । आन्तरिक मामिलाका काम के हुन् ? त्यसले के गर्ने हो ? यस्ता विषयमा खासै ध्यान दिइएन । केन्द्रले त नाम तोकिदियो, केही क्षेत्राधिकार बाँडफाँट गरि दियो । प्रदेशले कम्तीमा एउटा अध्ययन कार्यदल बनाएर कुन काम कुन मन्त्रालयबाट सम्पादन गर्ने भन्ने विषयमा अध्ययन गर्नुपर्ने थियो तर त्यो पनि गरिएन ।

खासमा यसलाई पूर्णतः कानुन मन्त्रालयको रूपमा मात्रै विकास गर्नुपर्ने थियो । किनभने केन्द्रमा पनि कानुनको विकास, अध्ययन, कानुनको विज्ञताका हिसाबमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय छ । त्यस्तै खालको प्रदेशमा पनि कानुन तथा प्रदेश सभा वा संसदीय मामिला मन्त्रालय बनाएको भए कानुनको छुट्टै युनिटको रूपमा रहन्थ्यो । त्यसो गर्दा कानुन सम्बन्धी विज्ञता भएको निकाय हुने थियो । त्यो पनि बनाइएन ।

कर्मचारी व्यवस्थापनको पाटो हेर्दाखेरि दुई जना अधिकृत, एक जना कानुन उपसचिव राखेको छ । प्रशासनको सचिव राखेको छ अनि नाम भने आन्तरिक मामिला तथा कानुन भनेको छ । त्यस कारण कानुनको पाटोमा पनि राम्रोसँग काम गर्न सकेन, आन्तरिक मामिलाको पनि प्रस्ट कुनै भूमिका भएन । अहिले आन्तरिक मामिलाले के सुविधा दिने त ? कुनै पनि निकाय, मन्त्रालयको कामको आधारमा उसको महत्त्व सिर्जना हुने हो । यहाँ दुवै पाटोको काम नहुँदा महत्त्व घटेकोजस्तो भयो । अहिले नागरिकसँग रहेर उक्त मन्त्रालयले गर्ने कुनै काम छैन । त्यसो हुँदा त्यसको न कुनै युनिट भयो, न कुनै संरचना ।

अहिले सामान्य एउटा कार्यालयजस्तो भएर बसेको छ । अरू मन्त्रालयको हेरौं, युनिट छ । सामाजिकको निर्देशनालय छ, भौतिकको छ । मुख्यमन्त्री कार्यालयले समग्र पाटोलाई नियन्त्रण गरिरहेको छ । वनदेखि सबैका आ-आफ्ना युनिट छन् । आन्तरिक मामिला तथा कानुनको त केही छैन । न उक्त मन्त्रालयको आफ्नो प्रहरी आएको छ, आन्तरिक व्यवस्थापनको पाटो नाममात्र 'आन्तरिक मामिला' भनेको छ । त्यसको कुनै कामै छैन । कानुनको हो भने पनि कानुनको एउटा बडी नै छैन । कानुन सचिव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राखिएको छ । कानुन मन्त्रालय भनेर आधा नाम झुण्ड्याइएको छ । सुरुमै कार्यक्षेत्र, अधिकारको आधारमा नामकरण, जिम्मेवारी र भूमिका तोक्ने विषयमा ध्यान दिनुपर्ने थियो, दिइएन । जसका कारण 'लो-प्रोफाइल' अधिकारको रूपमा रहेकोजस्तो देखिन्छ ।

कुनै पनि विधेयक बनाउँदा विभिन्न चरण हुन्छन् । कानुन मन्त्रालयमा पुग्दा कम्तीमा एउटा कानुन सम्बन्धी विज्ञ टिम चाहिन्छ तर अहिले दुई जना कानुन अधिकृत, एक उपसचिव हुनुहुन्छ । सचिव प्रशासनको हुनुहुन्छ अनि माथि मन्त्री हुन्छ । यसो हुँदा त्यहाँ कानुनको मान्छेले कानुनको निर्णय नै गर्न पाउँदैन । कानुन मन्त्रालयमा कानुनकै सचिव आएको भए प्रभावकारी कानुन बन्थ्यो होला । कानुन त विकाससँग जोडिनुका साथै मार्गदर्शन गर्ने विषय हो तर हाम्रो बुझाइ कमजोर भएर कानुनलाई 'लो-प्राथमिकता'मा राखियो ।

कानुनको विज्ञ टिम नै छैन त्यहाँ । कानुन बुझेको, कानुनकै फिल्डमा काम गरेका सचिव हुनु र अरू फरक विषयसँग सम्बन्धित हुनुले धेरै फरक पर्छ । एकछिन कल्पना गरौं, कानुन मन्त्रालयको सचिव वन मन्त्रालयको भएपछि के होला ? त्यो त विशेषज्ञताको आधारमा जिम्मेवारी दिने विषय हो । आन्तरिक पनि बनाइयो, कानुन पनि थपियो । त्यसो हुँदा न आन्तरिक रह्यो, न कानुन भयो । यस्तो अवस्थामा विधेयक आए पनि त्यसमा अध्ययन गर्ने, त्यसमा रेस्पोन्स गर्ने, हेर्ने विषयमा विशेषज्ञ रूपमा कानुनको व्यक्ति कोही पनि छैन । अब विषयविज्ञको राय, सल्लाह सुझावबिना बन्ने कानुन कमजोर हुने नै भयो । त्यसैले कानुन मन्त्रालयकै रूपमा मात्र विकास गरेको भए राम्रो हुन्थ्यो भन्ने मरो बुझाइ हो ।

प्रदेशको कानुनका विषयमा त्यसलाई एउटा 'थिङ्ट्याङ्क' को हिसाबले काम गराउन सकिन्थ्यो । त्यसो हुँदा बन्ने कानुनहरू पनि प्रभावकारी हुन्थे भने भोलिका लागि कानुन सम्बन्धी अध्ययन, विकास गर्ने निकायको रूपमा राम्रो हुन्छ ।

यो मन्त्रालय नेताहरूको रोजाइमै पर्दैन । अहिले त मन्त्री नहुँदा पनि कहाँ समस्या भयो भन्ने नै छैन । किनकि त्यहाँ कुनै काम छैन । प्रायः नेताहरू जनताबाट एउटा 'म्यान्डेट' लिएर आएका हुन्छन् । उनीहरू जनताका नजरमा देखिने काम गर्न खोज्छन् । यो मन्त्रालयमा देखाउन मिल्ने गरी गर्ने त्यस्तो कुनै काम नै छैन । कार्यक्षेत्र, उसलाई दिएको जिम्मेवारी भूमिकासँग जोडिन्छ । भोलि प्रहरी समायोजन भयो भने आकर्षणको केन्द्र बन्ला । अहिले जिम्मेवारीमात्र हुने भयो तर कुनै काम गर्न पाउने अधिकार नहुँदा प्राथमिकतामा पर्दैन ।

मेरो विचारमा यो मन्त्रालयको पुनर्संरचना आवश्यक छ । पुनर्संरचना गरी कार्यक्षेत्र दिने, केही अधिकार दिएर प्रभावकारी बनाउन सकिन्छ । केन्द्रमै हेर्ने हो भने पनि कर्मचारी व्यवस्थापन प्रधानमन्त्री कार्यालयले गर्दैन नि ! संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हुन्छ । प्रदेशमा मुख्यमन्त्री कार्यालयबाट हुन्छ । त्यो काम आन्तरिक मामिलाबाट गराउन सकिन्छ । भोलि आन्तरिकले बिगारेको खण्डमा त्यसलाई 'सुपर-भिजन' गर्ने कुरामा मुख्यमन्त्री कार्यालयले गर्न सक्छ तर अहिले सबै उसैले गरिरहेको छ ।

आकर्षणको मन्त्रालय बनाउनका लागि त्यो अधिकार दिनुपर्‍यो, जिम्मेवारी, भूमिका दिनुपर्छ । केन्द्रले अधिकार नदिएको खण्डमा आवश्यक परे मन्त्रालय घटाउने, बढाउने अधिकार छ । अहिले भइरहेका काम अन्य मन्त्रालयबाट पनि गर्न सकिन्छ भने घटाउन पनि सकिन्छ ।

*(साभार: रातोपाटी)*

# अपाङ्गताको आवाज र साहारा बन्दै सामाजिक विकास मन्त्रालय

प्रतिक्षा न्यौपाने

मकवानपुर/सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र फराकिलो रहेको छ । प्रदेश सरकार स्थापना पश्चात् सामाजिक विकास मन्त्रालयले महिला, बालबालिका, जेष्ठनागरिक, विपन्न, अपाङ्गता, गरिब, यौनिक तथा लैङ्गिक अल्पसंख्यक आदिका क्षेत्रमा काम गर्दै आएको छ ।

सामाजिक विकास मन्त्रालयले गरेका काममध्ये अपाङ्गताको क्षेत्रमा भएका काम महत्वपूर्ण छन् । अपाङ्ग भएका व्यक्तिहरु आफैंमा सामान्य मानिसभन्दा केही कमजोर हुने गर्छन् । यद्यपी उनीहरुले अवसर पाएको खण्डमा उनीहरुपनि सामान्य मानिसले जस्तै उदाहरणीय काम गर्न सक्छन् भन्ने उदाहरण पनि हाम्रो समाजमा प्रशस्त देख्न सकिन्छ । सामाजिक विकास मन्त्रालयको हलको एक कोठामा अपाङ्गता सूचना केन्द्रको सञ्चालन गरिएको छ । जुन राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश र सामाजिक विकास मन्त्रालयको साझेदारीमा स्थापना गरिएको हो ।

बागमती प्रदेशमा अपाङ्गतासम्बन्धी १ सय ७० वटा अपाङ्गतासम्बन्धी संस्थाहरु आवद्ध रहेका छन् । क्षमता विकास, सञ्चारीकरण, पैरवी जस्ता काम अपाङ्ग महासंघले गर्दै आइरहेको छ । निजीक्षेत्र, सरकारी कार्यालय, राष्ट्रियस्तरबाट प्रसारण हुने अपाङ्गमैत्री लक्षित सूचनालाई प्रसारण गर्ने काम अपाङ्गता सूचना केन्द्र बागमती प्रदेशले गर्ने गरेको सूचना केन्द्रकी साङ्केतिक भाषा दोभासे सरस्वती कटुवालले जानकारी दिइन् । 'यस सूचना केन्द्रबाट हामीले पहुँचयुक्त ढाँचाबाट सूचनाहरु प्रकाशन गर्छौं ।

अपाङ्गता लक्षित सूचना दृष्टिविहिनलाई उनीहरुले थाहा पाउने र बुझ्नेगरी हामीले सूचना प्रदान गरेका हुन्छौं । मन्त्रालयमा रहेर अपाङ्गता भएका व्यक्तिलाई आवश्यक सहजीकरण दोभासेको माध्यमले सहजीकरण गर्ने गरेका छौं ।' उनले भनिन् । अपाङ्गता सूचना केन्द्र यसरी मन्त्रालयमा नै राखिदा यसक्षेत्रका व्यक्तिलाई अझै धेरै सहज भएको पाइएको छ । यही कुरालाई स्वीकारोक्ति दिँदै सामाजिक विकास मन्त्रालयकी लैङ्गिक सम्पर्क व्यक्ति चन्दा व्यञ्जनकारले मन्त्रालयकै हलमा राखिएको अपाङ्गता सूचना केन्द्रले बागमती प्रदेशका सबै जिल्लामा समयमै सूचना तथा जानकारी पुऱ्याउने हुँदा यस क्षेत्रमा काम गर्न अझ सहज भएको बताइन् ।

प्रदेश सरकार र मन्त्रालयले आगामी नीति तथा योजनामा अपाङ्गताको क्षेत्रमा थुप्रै कार्यक्रम समेटेको छ । यसमा पहुँचमा भएका अपाङ्ग व्यक्तिले पनि आ-आफनो क्षेत्रबाट आवाज उठाउदै आइरहेका छन् । गत माघ २६ गते राष्ट्रिय प्रजातन्त्र पार्टीकी समानुपातिक सांसद लक्ष्मी घिमिरेले प्रदेशसभा कहिले अपागंमैत्री हुन्छ ? भन्दै सभामुख भुवनकुमार पाठकसमक्ष प्रश्न गरेकि छन् । माघ २६ शनिबारको दिन बसेको बागमती प्रदेशसभामा विशेष समय लिँदै घिमिरेले निर्वाचित भएर आएको ७ सय ६८ दिन बितिसक्दा पनि प्रदेश सरकारले अपाङ्गमैत्री रोष्टम निर्माण नगरेको गुनासो गरेकि हुन् ।

'अन्य शीर्षकमा बजेट विनियोजन गर्ने सरकारले प्रदेशसभामा अपाङ्गमैत्री रोष्टम निर्माण गर्न सकेको छैन । संसद भवन यस्तो छ, झन अन्य संरचनाको अवस्था के होला ?' उनले प्रश्न गरिन् । भाषणमा महिलाका आवाज, महिलाका अधिकार उठाउने सासंदहरु नै विभेद गर्न खप्पिस रहेको गुनासो सांसद घिमिरेले सभामुख पाठकसमक्ष राखेकी छन् । 'महिलाको नीतिगत छलफल भनेर डाकिएको बैठकमा मलाई बञ्चित गरियो ।' उनले भनिन् । ह्वीलचेयरमा संसदको यात्रा सुरू गरेकी बागमती प्रदेशसभा सदस्य घिमिरेले राज्यको पहिलो काम अपाङ्गमैत्री संरचना निर्माण हुनुपर्ने आवाज उठाउदै आएकी छन् । उनी बागमती प्रदेशसभाकी एकमात्र अपाङ्ग सांसद हुन् ।



देशका पाचँ जिल्लाका पाचँ विद्यालयमा अध्ययनरत ४ सय जना विद्यार्थीलाई आवासीय विधासहित अध्ययनको व्यवस्था गरेको छ । खेलकुद पूर्वाधारका लागि रंगशाला र कर्भडहल निर्माणमा निरन्तरता दिएको छ । १५ जना महिलाको लागि मनोपरामर्श तालिम सञ्चालन गरेको छ ।

उनले अपाङ्गता सामान्य कुरा हो यसलाई उच्च मनोबलले चिर्छ भन्ने बलियो उदाहरण आफू प्रदेश सांसदमा निवार्चित भएपछि जनमासमा दिएकी छन् । राजनीतिक, सामाजिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिलाई अवसर प्राप्त हुँदा उनीहरु अरु सामान्य व्यक्ति सरह सफल हुन सक्छन् भन्ने कुरा गार्मेन्ट कम्पनीकी मालिक गंगा छन्त्याल र सांसद लक्ष्मी घिमिरेबाट सिक्न सकिन्छ ।

गंगा छन्त्याल आफैंले सुरुवात गरेको गार्मेन्ट कम्पनीकी मालिक हुन् । शारीरिक रुपमा अपाङ्ग भएकी उनले विभिन्न ठक्करहरु खाएपश्चात अन्तमा गार्मेन्ट फयाक्ट्री खोलिन र अर्डर आएका डिजाइनका आधारमा कपडा उत्पादन गर्न थालिन । करिब ७ वर्ष अगाडि काठमाडौंमा कम्पनी खोलेर काम गरिरहेकी उनले १२ जना कर्मचारी राखेर उनीहरुलाई रोजगारी दिएकी छिन् । घरेलु उद्योग र तार्केश्वरमा दर्ता भएको फ्याक्ट्रीमा अर्डर अनुसारका फेन्सी कपडा उत्पादन हुन्छन् ।

गंगाले आफ्नो कारखानाबाट भएको १३ प्रतिशत आम्दानी अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा लगाउदै आइरहेकि छिन् । अपाङ्गता भएका व्यक्तिको लागि उनी स्वास्थ्य, शिक्षा लत्ताकपडाको क्षेत्रमा सकेको सहयोग गर्छिन् । यतिमात्र हैन उनले आफनो उत्पादित कपडामा आफ्नै ब्राण्डको नाम दिने भएकी छिन् । उलने उत्पादन गरेको कपडामा 'स्यामो' नामलाई ब्राण्को रुपमा चिनाउने भएकी छिन् ।

### यस्ता छन् बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले अपाङ्गता क्षेत्रमा गरेका काम

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन गरिने अपाङ्गता लक्षित वार्षिक कार्यक्रम आर्थिक वर्ष २०८०/८१ ले यस क्षेत्रमा योजनाअनुरुप धेरै काम गरिसकेको र केहि काम भने प्रक्रियामा रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले जनयुद्ध तथा जनआन्दोलनका घाईते अपाङ्ग तथा बेपत्ता सहिद परिवारलाई आत्मनिर्भर बनाउने उद्देश्यले सीप तथा क्षमता अभिवृद्धि तालिम प्रदान गरेको छ । नुवाकोटमा अपाङ्गता भएका महिला, श्रमिक, लैङ्गिकहिंसा पीडित, विपन्न, दलित, सीमान्तकृत, एकल महिलाका लागि उद्यमशीलता, रोजगारीमूलक, सशक्तिकरण, सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सामाजिक सशक्तिकरण तथा समावेशी कार्यक्रम आयोजना गरेको छ ।

राष्ट्रिय अपाङ्गता दिवस मनाउने, अपाङ्गता भएका व्यक्तिको लागि आयमूलक तालिम सञ्चालन गर्न अपाङ्ग पुनर्स्थापना समाज धादिङलाई अनुदान प्रदान गरिएको, अपाङ्ग समाज चितवन, भरतपुर महानगरपालिका-११ चितवनलाई कम्प्युटर तालिम प्रदान गरिएको, नेपाल अपाङ्ग समाज काठमाडौं महानगरपालिकालाई तालिम सञ्चालन गर्न अनुदान प्रदान गरिएको, अपाङ्गता संरक्षण केन्द्र भरतपुर महानगरपालिका -७ चितवनलाई सचेतनामूलक कार्यकम सञ्चालन जस्ता कार्यहरु अपाङ्गताका क्षेत्रमा मन्त्रालयले गरेको छ ।

राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेशको साझेदारीमा अपाङ्गता सूचना केन्द्रको सञ्चालन तथा व्यवस्थापन, अपाङ्गता क्षेत्रमा कार्यरत संघसस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यकम सञ्चालन, नुवाकोट बहिरा संघ विदुर-२ मा नेपाल सांकेतिक भाषा दोभासे र क्षमता विकास तालिम सञ्चालनका लागि अनुदान दिइएको, महिला बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित खोजमुलक पत्रकारिताका लागि महिला पत्रकारहरुलाई विद्वतवृत्ति(फेलोसिप) तालिम प्रदान गरिएको छ ।

मेरुदण्डीय पक्षघात समुह, गोकर्णेश्वर काठमाडौंलाई सीपमूलक तालिम तथा सामग्री व्यवस्थापनका लागि अनुदान प्रदान गरिएको, अपाङ्गता सरोकार केन्द्र, हेटौंडा मकवापुरलाई सहायक सामग्री निमार्ण तथा मर्मतलाई अनुदान प्रदान गरिएको, अपाङ्ग सचेतना सेवा केन्द्र, रामेछाप मन्थलीलाई अपाङ्गता भएका व्यक्तिहरुको सिप विकास कार्यकमका लागि अनुदान प्रदान गरिएको छ । मन्त्रालयले गृहिणी महिलालाई शसक्तिकरण र आत्मनिर्भर बनाउन तथा महिला उद्यमीलाई प्रोत्साहन गर्न गृहिणी महिला शसक्तिकरण कार्यक्रम कार्यान्वयनका लागि ५ करोड बजेट बिनियोजन गरेको छ । हाल ३५ वटा स्थानीय तहसँगको साझेदारीमा महिला शसक्तिकरण कार्यक्रम सञ्चालन भइरहेको छ ।

### यस्ता छन् सामाजिक विकास मन्त्रालय बागमतीले गरेका अन्य कार्यक्रम

देशका पाचँ जिल्लाका पाचँ विद्यालयमा अध्ययनरत ४ सय जना विद्यार्थीलाई आवासीय विधासहित अध्ययनको व्यवस्था गरेको छ । खेलकुद पूर्वाधारका लागि रंगशाला र कर्भडहल निर्माणमा निरन्तरता दिएको छ । १५ जना महिलाको लागि मनोपरामर्श तालिम सञ्चालन गरेको छ । चेपाङ समुदायको उत्थानका लागि चेपाङ चिउरी चमेरो संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत गरेको छ । ज्येष्ठ नागरिकको लागि आश्रय तथा वृद्धाश्रम निर्माण गरिएको छ । आमाबाबु दुवै नभएका बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।

वित्तीय हस्तान्तरण कार्यक्रममार्फत् १ सय १९ स्थानीय तहका बालबालिका लाभान्वित भएका छन् । यसबाट बालविवाहमुक्त प्रदेश र बालमैत्री स्थानीय तह घोषणाका लागि रकम व्यवस्था गरेको छ । प्रदेश भित्रका ३० सामुदायिक माध्यमिक विद्यालयमा सिक्दै कमाउदै:कमाउदै सिक्दै कार्यक्रम सञ्चालन गरेको छसामुदायिक क्याम्पसमा अध्यनरत २ सय ९४ विद्यार्थीलाई शैक्षिक छात्रवृत्ति प्रदान गरेको छ । व्यवसायिक तथा सीप विकास तालिम केन्द्र र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् बागमती प्रदेश र प्रदेश युवा परिषदबाट तालिम सञ्चालन गरी करिब ५ हजार जना युवाले तालिमबाट लाभान्वित भएका छन् ।

### अपाङ्गता अधिकार र समावेशी नीतिहरुः नेतृत्व, नीति, र कार्यान्वयन

नेपालमा अपाङ्गता भएका व्यक्तिलाई अधिकार सम्पन्न बनाउने सवालमा सामाजिक, आर्थिक, र राजनीतिक रूपमा विविध चुनौतीहरू छन्। अपाङ्गता भएका व्यक्तिहरुलाई समान अवसर प्रदान गर्नका लागि सरकार, गैरसरकारी संस्था, र समुदायको सहकार्य अपरिहार्य छ। बागमती प्रदेश सभा सदस्य लक्ष्मी घिमिरेले अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वको सवालमा उठाएको मुद्दाले देखाउँछ कि अझै पनि समावेशिताको नीतिलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न चुनौती छन् ।

बागमती प्रदेश सरकारको २०८१/८२ को नीति तथा कार्यक्रममा अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक बुँदा समेटिन आवश्यक रहेको सरोकारवालाहरु बताउँछन् । जसमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व र राजनीतिक सहभागिता, संसद्मा अपाङ्गता भएका व्यक्तिको संख्या बढाउनुपर्ने आवश्यकता, सामाजिक सोच परिवर्तनमा पहल, प्रदेश संरचनामा अपाङ्गता अधिकारको समावेशिता, व्यक्तिगत सहयोगीको उपलब्धता, सहायक सामग्री वितरण, अपाङ्गता भएका व्यक्तिको लागि अस्पतालमा दोभासेको व्यवस्था, अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा अनिवार्य भर्ना गराउने नीति, शिक्षकलाई अपाङ्गतामैत्री तालिम, निशुल्क स्वास्थ्य बीमा, आवश्यक औषधि उपलब्धता, आर्थिक सशक्तीकरण र रोजगारी अवसर, सरकारी कार्यालय र निजी क्षेत्रमा न्यूनतम कोटा सुनिश्चित गर्ने लगायतका बुदाँहरु आगामी निति तथा कार्यक्रममा समेटिनुपर्ने कुरा सरोकारवालाहरु बताउँछन् ।

अपाङ्गता भएका व्यक्तिलाई समाजको मूलधारमा ल्याउन सरकार, नागरिक समाज, र निजी क्षेत्रबीचको सहकार्य आवश्यक छ । सामाजिक विकास मन्त्रालयले अपागंता अधिकार सुनिश्चित गर्न नीति निर्माणमा व्यापक सुधार गर्नुपर्छ। आर्थिक सशक्तीकरण, स्वास्थ्य, शिक्षा, र राजनीतिक सहभागिता जस्ता क्षेत्रहरूमा समान पहुँच सुनिश्चित गरेर मात्र समावेशी समाजको परिकल्पना साकार गर्न सकिन्छ । सामाजिक विकास मन्त्रालयले अपाङ्गता क्षेत्रका व्यक्तिहरुलाई उनीहरुको शारीरिक आवश्यक्ताका आधारमा अपाङ्गता सहायता सामाग्री वितरण गर्ने भएको छ । अपाङ्गता भएका व्यक्तिहरुको पुनस्थापना तथा संरक्षण गर्ने उदेश्यले मन्त्रालयले सहायता सामाग्री वितरण गर्न लागेको हो । यस कामको प्रकिया चलिरहेको मन्त्रालयले जनाएको छ ।

यसमा राष्ट्रिय अपाङ्ग महासंघ, बागमती प्रदेश तथा अन्य सरोकारवाला संघसंस्थाको समन्वयमा सहायता सामग्री आवश्यक भएका लक्षित अपाङ्गता भएका व्यक्तिहरुको विवरण सङ्कलन गर्ने काम भईसक्केको मन्त्रालयले जनाएको छ ।

अपाङ्गता भएका व्यक्तिको सवालमा, उनीहरुको हकहित र संरक्षणमा मुद्दा उठिरहेका हुन्छन् । अपाङ्गता भएका व्यक्ति सजिलै स्वरोजगार हुन नसक्ने र परिवारको भरमा बाच्नुपर्ने हुँदा सामान्य व्यक्तिहरुको भन्दा उनीहरुको जीनन निकै कठिन बनेको देखिएको छ ।

कहिलेकाँहि परिवारले उनीहरुलाई बोझको रुपमा हेर्दिदा र उनीहरुको स्याहारसुसारमा ध्यान नदिदा अकालमा मृत्यु भएको खबर पनि सुन्नमा आउने गर्छ । परिवार र समाजको भरपुर सहयोग र मायाको अपेक्षा गरेको यस समूदायलाई सरकारले कार्यक्षेत्र र विकासको प्राथमिकतामा राख्न आवश्यक छ । यसरी उनीहरुलाई सामाजिक विकास मन्त्रालयले उनीहरुको क्षमता अभिवृद्धि र आत्मनिर्भरताको बाटोमा डोर्याइरहँदा उनीहरुलाई धेरै राहत पुगेको अपाङ्गता भएका व्यक्तिहरु बताउछन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा अपागंता भएका व्यक्तिको संख्या ६ लाख ४७ हजार ७ सय ४४ जना रहेको छ । जसमध्ये पुरुष तीन लाख ५१ हजार ३ सय १ र महिला दुई लाख ९३ हजार ४ सय ४३ रहेको छ । प्रतिशतका रुपमा अपाङ्गता भएका पुरुष ५४.२ प्रतिशत र महिला ४५.८ प्रतिशत रहेको छ । राष्ट्रिय तथ्याकं कार्यालयले सार्वजनिक गरेको 'राष्ट्रिय जनगाणना २०७८ नतिजामा यस्तो तथ्यांक देखिएको थियो । तथ्याकं अनुसार अपागंता भएका व्यक्तिमध्ये सबैभन्दा धेरैमा शारिरीक अपाङ्गता भएकाहरु ३७.१ प्रतिशत रहेको छ ।

यस्तै १७.१ प्रतिशतमा न्युनदृष्टि अपाङ्गता, ८.९ प्रतिशतमा बहुअपागंता, ८.० प्रतिशतमा सुस्तश्रवण, ६४ प्रतिशतमा स्वर बोलाई सम्बन्धि अपाङ्गता रहेको छ । अपाङ्गता १२ प्रकारका हुन्छन् । जसमा शारीरिक अपाङ्गता, न्युन दृष्टियुक्त, पूर्ण दृष्टिविहिन, बहिरोपन, सुस्तश्रवण, श्रवण दृष्टिविहीन, स्वर र बोलाई, मानसिक वा मनोसामाजिक, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तश्राव (हेमोफेलिया), अटिजम र बहुअपाङ्गता रहेका छन् । अपाङ्गता भएका व्यक्तिले अपाङ्गता परिचयपत्र बनाएपछि नेपाल सरकारले विभिन्न सेवा सुविधा दिँदै आएको छ ।

सार्वजनिक यातायात चढ्दा भाँडामा ५० प्रतिशत छुटको व्यवस्था, अस्पतालमा निशुल्क चेकजाँच, निशुल्क पढ्न पाउने व्यवस्था, चारपाङ्ग्रे स्कुटरमा भन्सार छुट, अपाङ्गता सहायक सामग्रीको निशुल्क व्यवस्था, र निजामती सेवामा आरक्षण लगाएत अन्य सेवासुविधाको व्यवस्था गरिदिएको छ ।

## फिल्म स्टुडियो बनाउन बोर्ड र धुलिखेल नगरपालिकाबीच सम्झौता



काठमाडौं/आउटडोर फिल्म स्टुडियो निर्माण गर्न चलचित्र विकास बोर्ड र धुलिखेल नगरपालिकाबीच १३०० रोपनी जग्गा हस्तान्तरणसम्बन्धी प्रारम्भिक सम्झौता भएको छ । धुलिखेल नगरपालिकाको ३९औं स्थापना दिवसमा नगरप्रमुख अशोक कुमार ब्याञ्जु श्रेष्ठ र बोर्ड अध्यक्ष दिनेश डिसीले समझदारी पत्रमा हस्ताक्षर गरे । सो अवसरमा पूर्व सञ्चारमन्त्री गोकुल बाँस्कोटा पनि उपस्थित थिए ।

सम्झौता पत्रमा हस्ताक्षर पछि अध्यक्ष डिसीले धुलिखेलमा बन्ने आउटडोर स्टुडियोले फिल्म निर्माणलाई सहज बनाउने बताए । उनले भने, 'यो स्टुडियो नेपाली फिल्म उद्योगको लागि नयाँ माइलस्टोन सावित हुनेछ । धुलिखेलको प्राकृतिक सुन्दरता र अत्याधुनिक प्रविधि संयोजन गरेर फिल्म निर्माणलाई सहज बनाउने परिकल्पना रहेको छ ।'

त्यस्तै, नगरप्रमुख श्रेष्ठले नेपाली फिल्म क्षेत्रको विकास र प्रवर्द्धनका लागि नगरपालिकाले हर तरहले साथ दिने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'यो परियोजनाले नेपाललाई अन्तर्राष्ट्रिय फिल्म गन्तव्यका रूपमा उभ्याउनेमा विश्वस्त छु । यसले पर्यटन प्रवर्द्धनसँगै स्थानीय रोजगारी सिर्जना गर्न महत्वपूर्ण अवसर पनि प्रदान गर्नेछ ।'

नेपालसँगै अन्तर्राष्ट्रिय फिल्म निर्माता तथा निर्देशकहरूलाई समेत आकर्षित गर्ने लक्ष्यसहित परियोजना अगाडि बढाइने बोर्डले जनाएको छ । धुलिखेलमा १३०० रोपनी जग्गामा आउटडोर स्टुडियो बनाउन लागेको बोर्डले काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका १० र १३ मा भने इनडोर सुटिङ स्टुडियो निर्माण गर्दैछ । जसका लागि केही दिनअघि बोलपत्र (टेन्डर) आह्वान भइसकेको छ ।

## 'ह्रस्व दीर्घ २' बन्ने, नीता भन्छिन्, 'भारतबाट धेरै सहयोग मिल्दैछ'

काठमाडौं/गत कात्तिक ३० गते प्रदर्शनमा आएको फिल्म 'ह्रस्व दीर्घ'ले घरेलु बक्स अफिसमा सन्तोषजनक व्यापार गऱ्यो । ६ करोडमा बनेको फिल्मले नेपालमै १० करोडमाथि कमाएको निर्माताको दाबी छ । भारतीय कम्पनी जी नेटवर्कलाई फिल्मको ओटीटी राइट्स समेत बिक्री गरिएको छ । यसबाट निर्माताले राम्रो रकम हात पारेका छन् । यसैबीच, अब यो फिल्मको सिक्वेल निर्माण गरिने भएको छ ।



फिल्मकी निर्मात्री तथा अभिनेत्री नीता ढुंगानाले 'ह्रस्व दीर्घ २' बन्न लागेको जानकारी गराएकी हुन् । आइतबार एक फिल्मको मुहूर्त समारोहमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले यतिबेला स्क्रिप्टको तयारीमा जुटेको बताइन् । उनले भनिन्, 'अब 'ह्रस्व दीर्घ २' बनाउँछौं । अहिले हामी स्क्रिप्टको तयारीमा छौं । यसपटक छायांकनमा भारतबाट धेरै सहयोग मिल्दैछ । जी नेटवर्कले पनि सहयोग गर्नेछ ।'

नीताले जी नेटवर्कलाई बेचेरै 'ह्रस्व दीर्घ'को लगानी उठेको समेत दाबी गरेकी छन् । 'मैले 'ह्रस्व दीर्घ'को लगानी भारतबाटै उठाएको छु । जी नेटवर्क (जी फाइभ)लाई ओटीटी राइट्स बिक्री गरेर हाम्रो सम्पूर्ण लगानी उठेको छ । भनेपछि नेपालमा भएको कमाइ र ओभरसिज राइट्स बेचेको रकम हाम्रो विशुद्ध मुनाफामा पर्छ । अझै भारतका हलमा फिल्म प्रदर्शन गर्न बाँकी छ,' उनले भनिन् ।

'ह्रस्व दीर्घ'मा नेपाली सहित दक्षिण भारत (साउथ)का चर्चित कलाकारहरुको समेत अभिनय छ । ब्रह्मानन्दम, 'गजनी' भिलेन प्रदीप रावत, 'पुष्पा' भिलेन सुनिल बर्मा, अली बासा, कबीर दुहन सिंहले फिल्ममा महत्त्वपूर्ण भूमिका निभाएका छन् । उनीहरुकै कारण जी नेटवर्कले फिल्मको ओटीटी राइट्स किनेको हो । यसैले फिल्मको सिक्वेलमा पनि उनीहरू दोहोरिने सम्भावना प्रवल देखिन्छ ।

## 'मायावी' : ट्रेलर ट्रेन्डिङमा, प्रतिक्रिया उत्कृष्ट

काठमाडौं/पछिल्लो समय सामाजिक कथामा फिल्म निर्माणको बाढी आएको छ । र, त्यस्ता कथा रुचाइएका पनि छन् । यसैले अन्य कथामा फिल्म बन्न कम भएको देखिन्छ । झन् लभस्टोरीको त खडेरी नै छ । अब धेरैपछि एउटा पूर्ण लभस्टोरी फिल्म प्रदर्शनमा आउँदैछ । त्यो हो, 'मायावी' । नामले नै फिल्म प्रेमकथामा बनेको प्रष्ट हुन्छ । यो फिल्म यही फागुन १४ गते (शिवरात्रि)देखि प्रदर्शन हुँदैछ ।



फिल्मको चार दिनअघि ट्रेलर सार्वजनिक गरिएको थियो । प्रेम र वियोग मिश्रित ट्रेलरलाई युट्युब जस्ता प्लेटफर्ममा रुचाइएको छ । युट्युबमा ११ लाख बढी भ्यूज पाइसकेको ट्रेलरलाई उत्कृष्ट प्रतिक्रिया मिलेको छ । कतिले प्रेमिल र वियोगान्त संवाद रुचाएका छन् भने कतिले पल शाहको अभिनयको प्रशंसा गरेका छन् । ट्रेलरका प्रतिक्रियाहरु हेर्दा फिल्म हेर्न दर्शकहरू अधैर्य रहेको देखिन्छ ।

'मायावी'को ट्रेलरले युट्युब ट्रेन्डिङमा पनि आफ्नो उपस्थिति जनाइसकेको छ । यतिबेला ट्रेलर 'फिल्म्स सेक्सन'तर्फ दुई नम्बरमा छ । ट्रेलरमा समावेश संवादहरुमा थुप्रै टिकटक समेत बनेका छन् । ट्रेलरप्रति देखिएको दर्शकको उत्साह अब हलमा कस्तो देखिन्छ, त्यो महत्त्वपूर्ण हुनेछ । यसअघि फिल्मको तीन गीत 'सितारा जडेको', 'टल टल टल्कियो' र 'त्यो माया हो' सार्वजनिक भैसकेको छ ।

दिवाकर भट्टराईको लेखन तथा निर्देशनमा बनेको फिल्ममा पल शाह, दीपिका प्रसाँई, प्रशान्त ताम्राकार, सुशील सिटौला, करिश्मा श्रेष्ठ, नव-नायक समिम खान, राजाराम पौडेल, लक्ष्मी गिरी, रवि डंगोल लगायतको अभिनय रहेको छ । 'मायावी'मा राज कटुवाल, ुव न्यौपाने र चन्द्र पन्त निर्मातामा छन् । प्रेम प्राप्ति मात्र होइन, त्याग पनि हो भन्ने कुरालाई फिल्मले मुख्य कथावस्तु बनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा सिमेन्ट सञ्चालन गर्न रोप-वे बिक्री

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ हेटौंडा सिमेन्ट उद्योग सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन लामो समयदेखि बन्द अवस्थामा रहेको रोप-वे बिक्री भएको छ ।

हेटौंडा-९ मा रहेको उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुनढुंगा ढुवानीका लागि प्रयोगमा ल्याएको रोप-बे बिक्री गरेको हो । उद्योग प्रशासनले बाराको लिपनीमालस्थित पिएस एन्ड सन्स इन्टरप्राइजेजलाई भ्याटसहित चार करोड २५ लाख ६ हजार ८० रुपैयाँमा रोप-वे बिक्री गरेको जनाएको छ ।



रोप-वे बिक्री गर्ने विषयमा गत पुस ७ गते सम्झौता भएको उद्योगका सूचना अधिकारी हरेराम आचार्यले जानकारी दिए । १० करोड रुपैयाँमा जडान गरिएको रोप-वे बिक्री गर्दा करिव साढे चार करोड रुपैयाँ मात्र आम्दानी भएको हो ।

उनका अनुसार तीन किस्तामा सम्पूर्ण भुक्तानी भइसक्नु पर्ने सहमतिअनुसार उद्योगले पहिलो किस्ताबापतको एक करोड ४२ लाख ६८ हजार ६ सय ९४ रुपैयाँ प्राप्त गरिसकेको छ । रोप-वे खरिदकर्ता कम्पनीले सम्झौताको ९ महिनाभित्र रोप-वेको सम्पूर्ण संरचना उठाइसक्नु पर्ने सहमति भएको आचार्यको भनाइ छ । रोप-वे बिक्रीबाट प्राप्त भएको रकम उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चापदार्थ खरिदमा खर्च गर्ने सञ्चालक समितिले निर्णय गरेको सूचना अधिकारी आचार्यले जानकारी दिए । उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले लामो समयदेखि बन्द भएर प्रयोगमा नआएकाले रोप-वे बिक्री गरेको बताए ।

उद्योगले भीमफेदी गाउँपालिकाको भैँसेखानीदेखि उद्योगसम्म ११ किलोमिटर रोप-वेको सिस्टमसँग जोडिएका रोप-वेका टावर, तार र बकेट लगायत फलामजन्य सामान बिक्री गरिएको उनको भनाइ छ ।

लामो समयदेखि बन्द रहेको रोप-वे पुन: प्रयोगमा ल्याउन सक्ने अवस्था नभएपछि बिक्री गरिएको महाप्रवन्धक पाण्डेले दाबी गरे । बन्द अवस्थामा रहेको रोप-वेको टावर, तार र बकेट गरी करिब १५ सय मेट्रिकटन फलाम रहेको अनुमान गरिएको छ ।

वर्षौंदेखि सञ्चालन हुन नसकेको रोप-वेका कारण मानवबस्ती र विद्यालयका लागि जोखिम बनेर बसेको छ । उद्योगको रोप-वे का डब्बाहरु हेटौंडाबाट भीमफेदी गाउँपालिकाको भैँसे खानीसम्म तारमा झुन्डिरहेको अवस्थामा रहेको देख्न सकिन्छ । बेवारिसे अवस्थामा झुन्डिएका रोप-वेका डिब्बाले मानवबस्ती नै जोखिममा पारेको देखिन्छ । हेटौंडा सिमेन्ट उद्योगले खानीक्षेत्रबाट चुनढुंगा ओसार्न २०४२ सालमा रोप-वे सञ्चालनमा ल्याएको हो । उद्योगले २०४२ सालबाट भैँसेखानीबाट लामसुरेस्थित कारखानासम्म ११ किलोमिटर लम्बाइको रोप-वे चुन ढुंगा ढुवानी गर्न सञ्चालनमा ल्याइएको हो ।

प्रतिघण्टा ३ सय मेट्रिकटन चुनढुंगा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरुमा १६५ वटा बकेट (क्यारियर) रहेको थियो । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए जसका कारण हाल त्यसमा १ सय ४० जति बाँकी रहेको छ । विगतमा यातायातका साधनको सुविधा नहुँदा उद्योगको चुन ढुंगाखानीबाट ढुंगा ओसार्नको लागि रोप-वे को प्रयोग भएको थियो । तर, पछिल्लो चरण यातायातको साधनको उपभोगमा सहजता आएसँगै उद्योगले रोप-वेबाट चुनढुंगा ल्याउन बन्द गरेको हो । २०६२ सालदेखि रोप-वे पूर्णरुपमा बन्द रहेको उद्योगले जनाएको छ ।

रोप-वे मा झुन्डिएका कतिपय डिब्बामा अझै पनि चुनढुंगा लोर्ड गरिएको अवस्थामा रहेको छ । २०६० सालमा आएको बाढीपहिरोले भैँसे त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोप-वे बन्द भएको थियो । करिब १० करोड लगानीमा निर्माण भएको रोप-वेको टावरमा बाढीले क्षति पुऱ्याएपछि पूर्णरुपमा बन्द भएको थियो ।

# २५ वटा गोरु बोकेको ट्रक पशुसेवा कार्यालयको नियन्त्रणमा




साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ हेटौंडा हुँदै बारातर्फ गएको गोरु बोकेको ट्रक नियन्त्रणमा लिएर पशुसेवा कार्यालय मकवानपुरको जिम्मा लगाएको छ । २५ वटा गोरु बोकेको बागतमी प्रदेश ०३-००१ ख १४२४ नम्बरको ट्रकलाई बाराको पथलैयाबाट नियन्त्रणमा लिएको हो ।

हेटौंडा-१५ स्थित रातोमाटे चौकीमा पक्राउ गर्ने प्रयास असफल भएपछि कार्यालयको टोलीले पछ्याउँदै पथलैयाबाट नियन्त्रणमा लिएको पशुसेवा कार्यालय मकवानपुरका प्रमुख डा. बज्रकिशोर ठाकुरले जानकारी दिए ।

सोमबार दिउँसो कार्यालय परिसरमा पत्रकार सम्मेलन गरी उनले प्रहरीले सहयोग नगर्दा मकवानपुरका नाका पार गरेर गोरु सहितको ट्रक नियन्त्रणमा लिइएको बताए ।

आइतबार राति ११ बजे नियन्त्रणमा लिइएको गोरु सहितको ट्रक हेटौंडा ल्याइएको उनले जानकारी दिए । सशस्त्र प्रहरी १४ नम्बर हेडक्वाटरका प्रमुख प्रहरीउपरीक्षक सन्तोषविक्रम शाहसँगको समन्वयमा पथलैयास्थित राजस्व अनुसन्धानमा खटिएको सशस्त्र प्रहरीले ट्रकलाई नियन्त्रणमा लिएको प्रमुख ठाकुरको भनाई छ ।


राजस्व अनुसन्धान कार्यालय पथलैयाका सशस्त्र प्रहरीका प्रहरीनिरीक्षकको टोलीले ट्रकलाई नियन्त्रणमा लिएर पशुसेवा कार्यालय मकवानपुरलाई जिम्मा लगाएको उनले बताए ।

सशस्त्रको सहयोगमा ट्रक नियन्त्रणमा लिएलगत्तै ट्रकका चालक र गोरु चरुवा फरार भएका थिए । करिव २ घण्टासम्म ट्रक चालक नआएपछि हेटौंडाबाट अर्को चालक बोलाएर ट्रकलाई हेटौंडा ल्याइएको प्रमुख ठाकुरले जानकारी दिएका छन् । छानवीनका क्रममा गोरु सलार्हीको नवलपुरमा लगेर २ दिन राख्ने र अर्को ट्रकमा हालेर बंगलादेशमा पठाउने योजना रहेको प्रमुख ठाकुरले जानकारी दिए ।

लक्ष्मी चौपाया सप्लायर्स, मकवानपुर-१६ हेटौंडाको नाममा बिजक जारी गरिएको थियो । प्रतिगोरु ५ हजार रुपैयाँको खरिद बिल बनाएर कृषि प्रयोजन भनेर देखाइएको उनले बताए । ट्रकले हेटौंडा उपमहानगरपालिकाको पशुहाट सेवा शुल्कवापत २५ गोरुका लागि ३ हजार रुपैयाँ बुझाएको छ । उपमहानगरपालिकाले गाई/गोरु ढुवानीबापत शुल्क प्रतिगोटा २ सय रुपैयाँ निर्धारण गरेको छ ।

## अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिप :

# फिनिसिङमा चुक्दा नेपालको कठिन जित




काठमाडौं, ५ फागुन/ अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताअघिको प्रि म्याच कन्फ्रेन्समा नेपालका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले किर्गिस्तानलाई हराउने तर कठिन हुने बताएका थिए । सोमबार दशरथ रंगशालमा नेपाल र कीर्गिस्तानको खेल पनि त्यस्तै रह्यो ।

६ वर्षअघि उसैको मैदानमा ८-२ को सानदार जित निकालेको नेपाललाई किर्गिस्तानले ६ वर्षपछि भने दशरथ रंगशालमै टक्कर दियो । कमजोर मानिएको प्रतिद्वन्द्वी किर्गिस्तानसँग मैदानमा नेपाली खेलाडीले एकभन्दा बढी 'सेलिब्रेसन' देख्न पाइने अपेक्षा थियो । तर, मैदानमा त्यस्तो भएन । नेपाल १-० को नतिजामै चित्त बुझायो ।

१०औं मिनेटमै विमला चौधरीको गोलबाट नेपालले अग्रता लिएको थियो र विपक्षीमाथि दबाब पनि बनाएको थियो । जसले गर्दा नेपालले गोल थप्ने अनुमान गरिएको थियो । तर फिनसिङमा नेपाल चुक्यो ।

किर्गिज डिफेन्डरले नेपालको अट्याकलाई बारम्बार रोके । फ्रान्सबाट फर्किएकी सावित्रा भण्डारी दोस्रो हाफमा मैदान प्रवेश गरे पनि कमाल देखाउन सकिनन् । रेखा पौडेलको प्रदर्शन पनि प्रभावशाली हुन सकेन ।

पहिलो हाफको अन्त्यमा पाएको सुन्दर अवसर नेपालका लागि गोलमा परिणत हुन सकेन । रश्मी घिसिङको प्रहार बारमा लागेर फर्कंदा रिबाउन्डमा सविता रानामगरको प्रहार पनि बारमा लागेको थियो । त्यसको रिबाउण्डमा रेखाले गरेको प्रहार विपक्षी गोलरक्षकले विफल पारिन् । दोस्रो हाफमा पनि नेपालले केही अवसर बनाउँदा अन्तिम रूप दिन सकेन । ५१औं मिनेटमा सावित्राको प्रहार फितलो हुँदै पोस्टको बाहिर तर्फ गयो । ६४औं मिनेटमा सबिताको क्रसमा सावित्राको शट प्रयास असफल रह्यो । त्यसलगत्तै प्राप्त ओपन चान्समा रेखाले बल भेट्न सकिनन् ।

८१औं मिनेटमा सविता रानामगरको प्रहार पोस्ट नजिकैबाट बाहिरियो । इन्जुरी समयमा सावित्राले पोस्ट नजिकैको मौका गुमाउँदा त्यसको केही समयमै किर्गिस्तानले फ्रिकिक पाउँदा पोस्टको केही माथिबाट गयो ।

नेपालमा पहिलोपटक आयोजना भएको चारदेशीय अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको पहिलो खेल जिते पनि बाँकी खेलमा नेपालले निकै मिहिनेत गर्नुपर्ने देखिएको छ ।

## बागमती गोल्डकप:

# चर्च ब्वाइजको अन्तिम ४ मा स्थान सुरक्षित



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ काठमाडौंको चर्च ब्वाइज युनाइटेड मकवानपुरको बागमती गाउँपालिकामा जारी ७ औं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

सोमबार बागमती-४ स्थित सहिदस्मृति रंगशालामा भएको पहिलो क्वाटरफाइनल खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई टाइब्रेकरमा ५-४ गोलले हराउँदै चर्च ब्वाइजले अन्तिम ४ मा स्थान सुरक्षित गरेको हो । निर्धारित खेल समयमा गोलरहित बराबरी भएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । चर्च ब्वाइजको लागि टाइब्रेकरमा विदेशी खेलाडी अर्मान विडम, सुमित श्रेष्ठ, दीपेश गुरुङ, सुजल डंगोल र विदेशी खेलाडी अनयोमीले गोल गरे ।

यस्तै, आर्मीका लागि विमल पाण्डे, फत्तेमान घले, जर्जप्रिन्स कार्की र जिलेस्पीजंग कार्कीले गोल गरे भने नरेश खत्रीको प्रहार चर्च ब्वाइजका गोलरक्षक टेकेन्द्रसिं थापाले रोकेका थिए । खेलको म्यान अफ द म्याच गोलरक्षक चर्च ब्वाइजका थापा घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । उनलाई बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, उपाध्यक्ष फणिन्द्र तिमल्सिना र प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जीलगायतले ट्रफी र नगद प्रदान गरे । आगामी फागुन १२ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख प्राप्त गर्नेछन् ।

# ओम वृद्धाश्रमलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ हेटौंडा-२ स्थित एभोकाडो होटलका संचालक भगीरथ शर्मा र मालती शर्माले ५० औं विवाह वर्षगाँठको अवसरमा हेटौंडा-१, चौकीटोल स्थित ओम वृद्धाश्रमलाई सहयोग गरेका छन् ।

शर्मा दम्पत्तिले एक दिनको खानाका लागि आवश्यक रकम सहयोग गरेका हुन् । शर्मा दम्पत्तिले एक दिनको खानावापत आश्रमलाई ११ हजार पाँच सय पाँच रुपैयाँ सहयोग गरेको आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले जानकारी दिएका छन् । सोमबार आश्रममै पुगेर शर्मा दम्पत्तिले सहयोग रकम हस्तान्तरण गरेका हुन् । ओम वृद्धाश्रममा हाल २५ जना ज्येष्ठ नागरिक आश्रित छन् ।

# ६ मन्त्रीसहित प्रदेश पदाधिकारी, जिल्ला इन्चार्ज र अध्यक्षसँग छलफल



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ नेकपा एमालेले पार्टीबाट प्रतिनिधित्व गर्ने बागमती प्रदेश सरकारका ६ मन्त्रीसहित प्रदेश पदाधिकारी, जिल्ला इञ्चार्ज र अध्यक्षहरुसँग छलफल गरेको छ ।

छलफलमा प्रदेश सरकारले गरेका काम र आगामी आर्थिक वर्षको सम्भावित योजना तथा कार्यक्रमका बारेमा छलफल तथा सुझाव संकलन गरिएको थियो । छलफलमा सहभागी ६ जना प्रदेश मन्त्रीले हालसम्मको प्रगति र आगामी कार्ययोजनाका विषयमा आफ्ना प्रस्तुति दिएका थिए ।

कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य डा. राजन भट्टराई, बागमती प्रदेशमा रहेका १३ वटा जिल्लाका जिल्ला ईञ्चार्ज तथा पार्टी प्रदेशका पदाधिकारी तथा १३ वटै जिल्लाका जिल्ला अध्यक्षको उपस्थिति रहेको थियो । प्रस्ततिकरण गर्ने प्रदेश मन्त्रीमा कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठ, भौतिक पूर्वाधार विकास मन्त्री अमनकुमार मास्के, श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जन, वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवाल, स्वास्थ मन्त्री किरण थापामगर र उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री सुकुमाया तामाङ रहेका थिए ।

प्रस्तुतीकरण पश्चात् जिल्ला ईञ्चार्ज र अध्यक्षहरुले मन्त्रीहरुलाई विभिन्न सुझाव प्रदान गरेका थिए । कार्यक्रमको सहजीकरण बागमती प्रदेशसभाका एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले गरेको थिए ।

**हेटौंडा उपमहानगरपलिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**सूचना ! सूचना ! सूचना !**

यस हेटौंडा उपमहानगरपालिकाले यस उपमहानगरलाई ट्राफिक व्यवस्थापन चुस्त दुरूस्त राख्ने उद्देश्यले ३ पांग्रे सवारी साधनहरूलाई स्टीकर वितरण गर्दै आएकोमा मिति २०८१/११/०४ गते बसेको ३ पांग्रे सवारी साधन व्यवस्थापन उपसमितिको बैठकको निर्णयानुसार २०७६ साल पौष ७ गते भन्दा अगाडीका मकवानपुर जिल्लाभरको लागि रूट ईजाजत प्राप्त ३ पांग्रे सवारी साधनहरूले यस हेटौंडा उपमहानगरपालिका ३ पांग्रे सवारी साधन व्यवस्थापन इकाई, हेटौंडा -११, थानाभन्याङमा यही मिति २०८१ फागुन १९ गते भित्र आफ्नो प्रमाण पेश गरी स्टीकरको लागि आवश्यक प्रक्रिया पुरा गरी आवेदन पेश गर्नु हुन अनुरोध गर्दछौं । मिति २०८१ फागुन २० गते आईतबार अन्तिम पटक स्टीकर वितरण गरिने भएकोले समयमै स्टीकर प्राप्त गर्नु हुन यसै सूचना मार्फत सूचित गरिन्छ साथै सो पश्चात प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराईन्छ ।

**(३ पांग्रे सवारी साधन व्यवस्थापन ईकाई)**
**हेटौंडा उपमहानगरपालिकाको कार्यालय**

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

**श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०८१।११।०५ मा जारी भएको नामसारीको**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

*(निवेदक: ठूली माया तामाङ्नी (छोरी)* *ज.ध. शन्त बहादुर मुक्तान (पति)*

यसमा जिल्ला मकवानपुर साविक घोप्टे आमभञ्ज्याङ गाविस वडा नं. ३ को कि.नं. १३४ को क्षेत्रफल ज.रो. ५-६-३-१ जग्गाको जग्गाधनि बुवा शन्त बहादुर मुक्तानको मिति २०४१/०९/१५ मा मृत्यु भएको र निज जग्गाधनिको पत्नि आमा सेती माया मुक्तानको मिति २०४५/०६/१७ मा मृत्यु भईसकेको र निजहरुको दाम्पत्य जीवनबाट कुनै पनि छोराहरुको जायजन्म नभई ३ छोरीहरु ठूलि माया तामाङ्नी -१, सानुकान्छी गोले- १ र विवि माया मुक्तान भएकोमा विवि माया मुक्तानको पनि २०४०/०९/१७ मा र निजको पति कालु घलानको पनि मिति २०४९/०६/१० मा मृत्यु भईसकेकोले निजहरुको हक खाने छोराहरु लाल बहादुर घलान-१ र सन्त बहादुर घलान-१ भएकोले म निवेदक ठूली माया तामाङ्नीको नागरिकता प्रमाणपत्रमा भएको बुवा पाके मुक्तान, सानुकान्छी गोलेको नागरिकता प्रमाणपत्रमा भएको बुवाको नाम राम बहादुर मुक्तान तथा जग्गाधनि प्रमाण पुर्जामा भएको शन्त बहादुर मुक्तान फरक-फरक नाम गरेको व्यक्ति समेत एउटै व्यक्ति हाम्रो बुवा शन्त बहादुर मुक्तान नै भएकोले निज जग्गाधनिको हकदारहरु ठूलि माया तामाङ्नी-१, सानुकान्छी गोले १ र विविमाया घलानका छोराहरु लाल बहादुर घलान-१ र सन्त बहादुर घलान-१ भएकोले सानुकान्छी गोले-१, लाल बहादुर घलान-१ र सन्त बहादुर घलान- १ गरी ३ जनाको मंजुरीले म निवेदक ठूली माया तामाङ्नीको नाममा एकलौटी नामसारी गराईपाउँ भनि मकवानपुर गढी गाउँपालिका ७ नं वडा कार्यालयको च.नं. ३०६ मिति २०८१/१०/२४ को नामसारी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र तथा च.नं. ३०८ मिति २०८१/१०/२४ को फरक फरक नाम भएको व्यक्ति एउटै भएको किटानी सिफारिस तथा मृत्यु दर्ता प्रमाणपत्रहरु समेत संलग्न राखी माग दावी निवेदन पेश गर्नु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनिको हकदारहरु अरु कोही भए वा फरक-फरक नाम भएको जग्गाधनिको नाम एकै नभई फरक-फरक भए वा जग्गाधनि तथा निजकी पत्निको पालन पोषण तथा काजकृया अरुलेनै गरेको भए वा उल्लेखित जग्गामा अरु कोही कसैको हकभोग भएको भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले **३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुर**मा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना